आज मिति २०७९ साल फाल्गुन १८ गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री **आशा तामाङ** ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सदस्य सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रितः</u>

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

प्रस्ताव नं. १ — यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।

निर्णय नं. १ — म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

प्रस्ताव नं. २ — प्रदेश समपूरक अनुदान तथा विशेष अनुदान कार्यक्रम माग सम्बन्धमा।

निर्णय नं. २ - प्रस्ताव नं. २ उपर छलफल गर्दा बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा योजना मन्त्रालयको प.सं. ०२/०७९/८० च.नं. ६०२ मिति २०७९/११/१० को प्राप्त पत्र बमोजिम यस पालिकाको लागि आगमी आर्थिक बर्ष २०८०/०८१ का लागि समपूरक अनुदान कार्यक्रम तर्फ देहायका आयोजनाहरु माग गर्ने भनी सर्वसम्मतीमा निर्णय गरियो।

प्रदेश समपुरक अनुदान माग बजेट शीर्षक

१. टुँडी पार्कको भौतिक सौन्दर्यीकरण निर्माण, म्यागङ ३ र ६ — रु. २ करोड
२. गाङम्राङ देखि स्वास्थ्य चौकी जोड्ने सडकको ढलान तथा स्तरउन्नती, म्यागङ १ — रु. २ करोड
३. टासिलिङ गुम्बा हुँदै झेर्सो उइचेन चामछप्पा जोड्ने सडक निर्माण, म्यागङ २ — रु. २ करोड
४. चोनतेक्का पिपलडाँडा टुने कमिकुना हुँदै चिउरीभञ्ज्याङ जोड्ने सडक स्तरउन्नती, म्यागङ ३ — रु. २ करोड
५. मेपब्राङ बल्जुङ चम्ना कृषि सडक स्तरउन्नती, म्यागङ ४ — रु. २ करोड
६. झर्लाङ बैकुण्ठे काप्रेवास मोटरबाटो निर्माण, म्यागङ ५ — रु. २ करोड
७. मैवोल फलाँटे पुरनपानी भञ्ज्याङ सिढी निर्माण, म्यागङ ६ — रु. २ करोड

साथै विशेष अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरु माग गर्ने भनी सर्व सम्मतीमा निर्णय गरियो।

प्रदेश विशेष अनुदान माग बजेट शीर्षक

१. बुङताङ बेशी सुन्तला जात/फलफुल चिस्यान केन्द्र निर्माण, म्यागङ २ — रु. १ करोड
२. म्यागङ गाउँपालिका वडा नं. ३ एक घर एक धारा निर्माणयोजना, म्यागङ ३ — रु. १ करोड
३. म्यागङ १ देखि ६ सम्मको मराणघट निर्माण — रु. १ करोड
४. म्यागङ १ देखि ६ सम्मको अल्पसङ्ख्यक र पिछाडिएको समुदायको उत्थान कार्यक्रम — रु. १ करोड

प्रस्ताव नं. ३ — सामुदायिक वन उपभोक्ता समितिबाट राजश्व प्राप्त गर्ने सम्बन्धमा।

निर्णय नं. ३ - प्रस्ताव नं. ३ उपर छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम यस म्यागङ गाउँपालिका अन्तर्गतका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्री तथा उपयोग सम्बन्धी आफ्नो बार्षिक कार्य योजना बनाई गाउँ कार्यपालिकाबाट स्वीकृत गराउन आह्वान गर्ने। साथै सोही दफा बमोजिम चालु आ.व. को सुरु देखि हाल सम्म वन पैदावर बिक्री वापत प्राप्त रकमको १०% (प्रतिशत) रकम यस गाउँपालिकाको अन्तरिक राजश्व खातामा जम्मा गर्न १५ दिने सूचना जरी गर्ने भनी निर्णय गरियो।

स्यागड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्ताव नं. ४— राजश्व दररेट कायम गर्ने सम्बन्धमा।**

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ उपर छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ६१ बमोजिम कवाडी सामानमा प्रति किलो प्रति क्युन्टल रु. २००/- कवाडी कर लगाउने र काठ दाउरा वापतको तपशिल बमोजिमले कर शूल्क उठाउने भनी सर्वसम्मतीमा निर्णय गरियो।

- २० फुट गाडीको लागि — रु. ११३०/-
- २५ फुट गाडीको लागि — रु. २२६०/-

**प्रस्ताव नं. ५ — तरकारी बाली पकेट कार्यक्रमको लाभग्राहि छनौट सम्बन्धमा।**

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस पालिकाको लागि आ.व. २०७९/०८० को संघीय सर्शत कार्यक्रम अन्तर्गतको तरकारी बाली पकेट कार्यक्रम लाभग्राही छनौट गर्दा नियम बमोजिम सार्वजनिक निकायमा दर्ता भएका कृषि फर्म तथा कृषक समुह, कृषि सहकारी संस्थाहरुलाई मात्र लाभग्राहीको रुपमा छनौट गर्ने भनी निर्णय गरियो।

**प्रस्ताव नं. ६ — रकमान्तर सम्बन्धमा।**

**निर्णय नं. ६** - प्रस्ताव नं. ६ उपर छलफल गर्दा चालु आर्थिक बर्षको स्वीकृत बजेटमा तपशिलका शीर्षकहरुमा अपुग रकम तपशिल बमोजिम रकमान्तर गर्ने भनी सर्वसम्मतीमा निर्णय गरियो।

तपशिलः-

| कार्यक्रम/योजना शीर्षक | झिकिएको रकम (रु.) | कार्यक्रम/योजना शीर्षक | थपिएको रकम रु. |
|---|---|---|---|
| स्थायी कर्मचारीको तलब | ८,००,०००/- | विविध खर्च | ८,००,०००/- |
| समितिको बैठक भत्ता | ८,००,०००/- | जनप्रतिनिधिको मासिक सेवा सुविधा | २,१६,०००/- |
| | | विविध खेलकुद कार्यक्रम | ५,८४,०००/- |
| अन्य फिर्ता | ७,००,०००/- | विपन्न नागरिक आर्थिक सहायता | ३,००,०००/- |
| | | विविध खर्च | २,००,०००/- |
| | | विविध खेलकुद कार्यक्रम | २,००,०००/- |

**प्रस्ताव नं. ७ — मेड्पा कार्यक्रमको रकमान्तर सम्बन्धमा।**

**निर्णय नं. ७** - प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस पालिकाको उद्यम विकास सहाजकर्ता श्री समिक्षा तामाङको निवेदन बमोजिम चालु आ.व. को मेडेप मोडेलको पुराना लघु उद्यमीको स्तरउन्नतीको लागि पाँचौ मेड मोडेलमा रहेको बजार सञ्जाल तालिम कार्यक्रममा रु. ८२,८००/- र लेबलिङ प्याकेजिङमा रु. ४०,०००/- रकम रहेकोमा उक्त कार्यक्रमले हालको उद्यमीको स्तर उकस्न खसै भूमिका नरहेने हुँदा उक्त रकम प्रविधि हस्तान्तरण शीर्षकमा रकमान्तर गर्ने तथा सो रकमबाट मागमा आधारित टनेल प्लाष्टिक, मेसिन खरिद गर्ने भनी निर्णय गरियो। साथै लघु विकास कार्यक्रम अन्तर्गत मेडेप मोडेल अनुसार चौथो मोडेल उद्यमीको लागि लघु कर्जा अन्तरक्रिया कार्यक्रम रु.४७,२००/- र पाँचौ मेड मोडेलबजार सञ्जाल तालिम कार्यक्रम रु. ६९,८००/- ले उद्यमीको स्तर उकस्न खसै भूमिका नरहेने हुँदा सो रकम प्रविधि हस्तान्तरण शीर्षकमा रकमान्तर गरी मागमा आधारित टनेल प्लाष्टिक, सिलाई कटाई मेसिन खरिद गर्ने भनी निर्णय गरियो।

प्रस्ताव नं. ८ — खर्च अनुमोदन सम्बन्धमा।

निर्णय नं. ८ - प्रस्ताव नं. ८ उपर छलफल गर्दा हाल सम्म भएका खर्च भुक्तानीहरु नियम सङ्गत पाईएकोले यस कार्यपालिकाबाट अनुमोदन गरियो।

प्रस्ताव नं. ९ — उत्कृष्ठ विद्यार्थीलाई आर्थिक सहायता सम्बन्धमा।

निर्णय नं. ९ - प्रस्ताव नं. ९ उपर छलफल गर्दा आगमी SEE को परिक्षामा यस म्यागङ गाउँपालिका अन्तर्गतका विद्यालयहरुबाट A+ (4 GPA) अङ्क ल्याउने विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु. ५०,०००/- र A (3.6 GPA) अङ्क ल्याउने विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु. २०,०००/- आर्थिक सहायता प्रदान गर्ने भनी सर्वसम्मतमा निर्णय गरियो।

प्रस्ताव नं. १० — कामकाज गर्न खटाईने सम्बन्धमा।

निर्णय नं. १० - प्रस्ताव नं. १० उपर छलफल गर्दा म्यागङ गाउँपालिका वडा नं. ६ मा रहेको श्री धनेश्वरी आ.वि. को प्राथमिक (राहत) कोटा रिक्त रही पठनपाठनमा समस्या उत्पन्न भएकाले तत्काल कामकाज गर्ने गरी श्री बैजयन्ती शिक्षा निकेतन आ.वि., म्यागङ ६ मा कार्यरत श्री शुसिला शाक्य खड्का लाई कामकाज गर्न खटाउने भनी निर्णय गरियो।

प्रस्ताव नं. ११ — सहकारी संस्था दर्ता सम्बन्धमा।

निर्णय नं. ११ - प्रस्ताव नं. ११ उपर छलफल गर्दा म्यागङ गाउँपालिका वडा नं. ३ बस्ने लाल बहादुर तामाङको छोरा तदर्थ सञ्चालक समितिका अध्यक्ष श्री जयमान तामाङ रहने देउराली माने भञ्याङ बहुउद्देश्यीय सहकारी संस्था लि., म्यागङ ३ को दर्ता गर्ने भनी निर्णय गरियो।

प्रस्ताव नं. १२ — मेडिकल अधिकृत करारमा पदपूर्ति गर्ने सम्बन्धमा।

निर्णय नं. १२ - प्रस्ताव नं. १२ उपर छलफल गर्दा म्यागङ गाउँपालिका वडा नं. ३ स्थित श्री देउराली प्राथमिक स्वास्थ्य केन्द्रमा रिक्त रहेको मेडिकल अधिकृत पदमा करारबाट पदपूर्तिको सूचना आह्वान गर्ने भनी निर्णय गरियो।

प्रस्ताव नं. १३ — सर्वसम्मतले पारित सम्बन्धमा।

निर्णय नं. १३ - प्रस्ताव नं. १३ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।